लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, कपिलवस्तु

सूचना नम्बरः १३/२०८३-८४

प्रथम पटक प्रकाशित मितिः २०८३।०७।१९

कार्यक्रम सञ्चालनका लागि आवेदन (प्रस्तावना) पेस गर्ने सम्बन्धी सूचना।

यस केन्द्रको चालू आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशन भएको मितिले २७ दिन भित्र (मिति २०८३।०८।१५ गते सम्म) यस केन्द्रमा कार्यालय समय भित्र तपसिलमा उल्लिखित कागजातहरू सहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेस गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयबाट वा कार्यालयको वेबसाइट www.akckapilvastu.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन। थप जानकारीका लागि कार्यालयको फोन नम्बर ०७६५६००६३ मा सम्पर्क गर्न सकिने छ।

सि.नं.	कार्यक्रम/क्रियाकलाप	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	खर्चको सीमा	कार्यक्रम सञ्चालन हुने क्षेत्र/स्थान
१	कृषि उपज बजारीकरण सामग्रीमा सहयोग कार्यक्रम	• स्वदेशी/स्थानीय उत्पादनको सङ्कलन, प्याकेजिङ, ग्रेडिङ र बजारीकरण सामग्रीमा सहयोग • बजार सूचनासँग सम्बन्धित क्रियाकलापहरू (बजार मूल्य डिस्प्ले/सूचना प्रवाह, बजार तथ्याङ्क व्यवस्थापन)।	• कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/बजार समिति सहभागी हुन सक्ने। • व्यावसायिक रूपमा स्थानीय स्तरमा कृषि उपज उत्पादन गरी वा स्वदेशी/स्थानीय उत्पादन सङ्कलन, ग्रेडिङ तथा प्राथमिक प्रशोधन गरिरहेका कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/बजार समितिले आवेदन दिन सक्ने।	• प्रति अनुदानग्राही अधिकतम रु. एक लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।	जिल्ला भरी
२	सहकारी मार्फत कृषि प्रवर्द्धन कार्यक्रम	• सहकारी संघ/संस्थाहरू मार्फत कृषि/पशुपन्छी जन्य उत्पादन, प्रशोधन, बजारीकरण सँग सम्बन्धित प्रविधिमा आधारित मेसिन, औजार, उपकरण, सामग्रीमा सहयोग।	• सहकारी संघ/संस्थाहरूले कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेस गर्नुपर्ने • सहकारी संघ/संस्थाले नयाँ व्यवसाय आफैले सञ्चालन गर्नुपर्ने वा सञ्चालन गर्दै आएको व्यवसाय भएमा व्यवसाय वा प्रविधि विस्तार सँग सम्बन्धित क्रियाकलापहरू थप गरी सञ्चालन गर्नुपर्ने,	• सहकारी संघ/संस्थाले पेस गरेको प्रस्तावको कूल रकमको ५० प्रतिशत वा अधिकतम पाँच लाख सम्ममा जुन कम हुन आउँछ सो रकम प्रदान गरिने।	जिल्ला भरी

घनश्याम चौधरी
(अधिकृत स्तर दर्शी)

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, कपिलवस्तु

सि.नं.	कार्यक्रम/क्रियाकलाप	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	खर्चको सीमा	कार्यक्रम सञ्चालन हुने क्षेत्र/स्थान
			• दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरू हुनुपर्ने, • कानूनी रूपमा समस्या नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ/संस्था हुनुपर्ने, • संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजनासँग मेल खाएको हुनुपर्ने । • दुई लाख भन्दा कम लागतको प्रस्ताव पेस गर्न पाईने छैन,		

संलग्न गर्नु पर्ने कागजातहरू

१. प्रस्तावको निवेदन।
२. दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेस गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्य-योजना सहितको प्रस्ताव र स्व-घोषणा।
६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी/संस्थाको हकमा मात्र)।
७. प्रस्ताव पेस गर्नेको नागरिकताको प्रतिलिपि।
८. किसान सूचीकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनीको गत आर्थिक वर्षमा जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि वा जग्गा धनी प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

८८/६/१९३
घनश्याम चौधरी
प्रमुख (अधिकृत स्तर दर्शी)